# 'अब कीरा टिप्न आउँदैनौँ': यार्सा खोज्न जाँदा मृत्युसँग पौँठेजोरी



फाइल तस्बिर

**प्रकाश पन्त**

दुनै, डोल्पा

६ घण्टा पहिले

**सुर्खेतमा कानुन विषय पढिरहेका छोराको अध्ययन खर्च जुटाउन बारेकोट- ५, नायकवाडा जाजरकोटका मानबहादुर सिंह बर्सेनि कमाइ गर्न कहिले कालापार (भारत) त कहिले भोट (पाटन) पुग्ने गर्छन्।**

कोठा भाडा, खाना र अध्ययन खर्च गरी उनले हरेक महिना कम्तीमा २०,००० रुपैयाँ छोरालाई पठाउनुपर्छ।

यो खर्च जुटाउन उनको न कुनै जागिर छ, न त आम्दानीको अरू कुनै गतिलो स्रोत नै छ।

कमाइका लागि कालापार र यार्सा टिप्न पाटन जानुपर्ने बाध्यतामा रहेका उनी यसपालि भने यार्सा टिप्न डोल्पा जाँदा मृत्युको मुखमा परेर उम्किएको बताउँछन्।

विज्ञापन

- यार्सागुम्बा: 'वर्षभरि भारतमा कमाउनेभन्दा एक महिना यार्सागुम्बा टिप्दा फाइदा'
- यार्सागुम्बा टिप्न नपाएपछि 'आम्दानी गुम्यो, अहिले छाक जुटाउनै गाह्रो'

## ऋण लिनुपर्ने बाध्यता

यार्सा टिप्न डोल्पाको ग्यालबारा पाटन पुगेका उनी जेठ १८ गते राति एक्कासि बिरामी परे।

सास फेर्न गाह्रो र टाउको निकै दुख्न थालेपछि कमाइको माया मारी अस्पताल भर्ना भएर बाँच्न सकेको उनी बताउँछन्।

तीन दिनदेखि जिल्ला अस्पताल डोल्पामा उपचार गराइरहेका उनले बीबीसीसँग भनेः "सायद लापरवाही गरेको भए मरिन्थ्यो होला। समयमै सावधानी अपनाउँदा बाँचेँ।"

छिमेकीसँग ऋण लिएर राम्रो कमाउने आशाले यार्सा टिप्न पाटन पुगेका उनी कमाइ गर्नुको साटो उल्टै ऋण थपेर घर फर्किनुपर्ने बाध्यता आइलागेको सुनाए।

- यार्सागुम्बा: स्वास्थ्यबारे सामान्य ख्याल पनि गर्दैनन् बहुमूल्य 'कीरा' टिप्न जानेहरू
- यार्सा टिप्न जाँदा ऋणको भारी बोकेर फर्किएकाहरूको व्यथा

घर पुगेर केही समयपछि फेरि कालापार जाने योजना बनाएका उनी कानुन पढ्दै गरेका छोरा र गाउँमै ११ कक्षामा पढ्दै गरेकी छोरीलाई राम्रो शिक्षा दिन चाहन्छन्।

यार्सा टिप्न डोल्पाको टाक्सी पाटन पुगेका रुकुप पश्चिमको आठबीसकोट नगरपालिका-५,गोतमकोटका गङ्गाराम विक पनि मुस्किलले कालबाट बचेको बताउँछन्।

आर्थिक अवस्था कमजोर भएका उनी तीन छोराछोरीको पढाइ खर्च जुटाउन र घरव्यवहार चलाउन श्रीमतीसहित यार्सा टिप्न डोल्पाको टाक्सी पाटन पुगेका थिए।


PRAKASH PANT/BBC

## 'अब कीरा टिप्न आउँदैनौँ'

पाटन पुगेकै दिन लेक लागेर बिरामी भएपछि मान्छेलाई बोक्न लगाएर श्रीमती सुनिता पाटनबाट तल झरिन्।

बाटोमा मान्छे, अटो, घोडा र मोटरसाइकबाट मुस्किलले चार दिनमा उनलाई अस्पताल पुऱ्याइएको उनले बताइन्।

गाउँकै सहकारीबाट ५०,००० रुपैयाँ ऋण गरेर श्रीमान्सँगै यार्सा टिप्न पुगेकी सुनिता भन्छिन्, "ठूलो कालबाट बचेर आउनुभयो। बरु मागेर खाऔँला, अब त कहिल्यै कीरा टिप्न आउँदैनौँ। जीवन छ त सबथोक छ, जीवन छैन त केही पनि छैन।"

ऋण गरेर लगेको सबै रुपैयाँ उनले श्रीमान्लाई अस्पताल पुऱ्याउनमा खर्च गरेको बताइन्। अहिले उनी जिल्ला अस्पताल दुनैमा उपचार गराइरहेका छन्। श्रीमतीका कारण नयाँ जीवन पाएको बताउने उनी शायद श्रीमती साथमा नभएको भए बाँच्न गाह्रो हुने बताउँछन्।

पाटनमा लेक लाग्छ भनेर सजग भए पनि लेक लाग्दा औषधिले कामै नगरेको उनी बताउँछन्।




डोल्पाको ग्यालवाडा पाटनमा यार्सागुम्बा टिप्न गएका मानिसहरू र तिनले टाँगेका पाल

## दुःखैदुःख

गङ्गाराम विकले बीबीसीसँग भनेः “राम्रो कमाइको आशामा यार्सा टिप्न आएको थिएँ। उल्टै ऋणको भारी बोकेर फर्किनुपर्ने बाध्यता आइलाग्यो। हुन त बाँचियो भने ऋण तिरिहालिन्छ होला।”

झन्डै आठ वर्षदेखि लगातार यार्सा टिप्दै आएका त्रिपुरासुन्दरी नगरपालिका-८, डोल्पाका विष्णुबहादुर बुढा पनि यसपालि मृत्युलाई जित्न सफल भएको बताउँछन्।

यार्सा टिप्न डोल्पाकै बाउलीगाड पाटन पुगेको चार दिनमा उनलाई लेक लागेको थियो।

“केही हुँदैन भनेर पचाउन खोजेको भए ज्यानै जाने रहेछ। टाउको दुख्ने, रिँगटा लाग्ने र सास फेर्न गाह्रो हुन थालेपछि तुरुन्तै फर्केर बाँचेँ,” उनले भने।

- यार्सा टिप्न जाँदा ऋणको भारी
- यार्सागुम्बा टिप्न लेकमा जाँदा ज्यानलाई कस्तो जोखिम

डोल्पासहित, जुम्ला, मुगु, जाजरकोट, रुकुम पश्चिम र पूर्वबाट दशौँ हजार मानिस यार्सा टिप्न डोल्पाका विभिन्न पाटनहरूमा पुगेका छन्। उनीहरूमध्ये कतिपय बाटोमा जाँदाजाँदै र कतिपय पाटनमा पुगेपछि लेक

लागेर बिरामी हुने गर्छन्।

बहुमूल्य जडीबुटी यार्सा टिप्न पाटन जाने अरू पनि उनीहरूले जस्तै समस्या र दुःख झेल्ने गरेको बताउँछन्। कमाइ गर्ने आशामा पाटन पुगेकाहरू लेक लागेर बिरामी भएपछि निराश हुँदै घर फर्किने गरेको गुनासो गर्छन्।

लेक लागेर घर फर्किएका जाजरकोटका लोकेन्द्र बादी पहिलाको जस्तो यार्सा पनि नभेटिएको र लेक लागेर बिरामी हुँदा उल्टै २०,०००-२५,००० रुपैयाँ ऋण लागेर घर फर्किनुपरेको बताउँछन्।

**कामको बोझले यसरी थिचिएका छन् कर्णालीका महिला**
९ डिसेम्बर २०१९

**कर्णाली नदी माथिको झोलुङ्गे पुलमा फसेका खच्चडको उद्धार कसरी गरियो?**
९ जुन २०२४

# न स्वास्थ्यकर्मी न औषधि

विशेषतः डोल्पाका टाक्सी, बागनारा, ग्यालबारा, मिर्कु, बाउलीगाड, भाङका, भोक्का, कागमारा, कुनास, ठाग, प्यारीगुफा, नाउरे, फूलबारी, सागर, माटे पाटनहरूमा लेक लाग्छ।

उच्च जोखिमपूर्ण पाटनहरूबाट बिरामी भएर डोल्पा सदरमुकामसम्म पुग्न कम्तीमा पनि तीन दिन लाग्छ।

बिरामीलाई पाटनमा लेक लाग्यो भने उपचार गर्ने न त स्वास्थ्यकर्मी हुन्छन्, न त औषधि नै पाइन्छ।

उनीहरूलाई अस्पताल पुऱ्याउन पनि निकै कठिन हुँदा कतिपयको ल्याउँदाल्याउँदै बाटोमै ज्यान जाने गर्छ।

बिरामी पर्नेबित्तिकै तल झर्नेहरू बाँच्न सफल हुन्छन् भने ढिलो झर्ने र लापरवाही गर्नेहरूलाई थप जटिलता आउन सक्ने चिकित्सकहरू बताउँछन्।

**जहाँ नवदुलहीले खोला तरे अनिवार्य बलि चढाउनुपर्ने अनौठो चलन छ**

**नेपालको यस्तो ठाउँ जहाँ खाल्डो खनेर अनाज भण्डारण गरिन्छ**

६ एप्रिल २०२४ ३० जुलाई २०२३

जिल्ला अस्पताल डोल्पाका प्रमुख डा अखण्ड उपाध्यायले यार्सा टिप्न पाटन जाँदा लेक लागेर गम्भीर बिरामी भएका ११ जनालाई बचाएको र अहिले केही बिरामीको उपचार भइरहेको बताए।

उनका अनुसार अहिले पनि लेक लागेर उपचारका लागि डोल्पाका विभिन्न स्वास्थ्यसंस्था र अस्पतालमा आउने क्रम जारी नै छ।

उनी कतै नबसेर एक्कासि पाटन पुग्दा लेक लाग्ने सम्भावना धेरै हुने भएकोले पाटनको फेदबाट कम्तीमा पनि दुई दिन लगाएर यार्सा टिप्ने ठाउँमा पुग्दा जोखिमबाट बच्न सकिने सुझाव दिन्छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार डोल्पाका पाटनमा लेक लागेर यो वर्ष कम्तीमा पाँच जनाले ज्यान गुमाएका छन्। उनीहरू सबैको उपचारका लागि ल्याउँदाल्याउँदै बाटोमै ज्यान गएको हो।

पाटन पुगेकामध्ये कम्तीमा पनि २० प्रतिशत मानिस बिरामी परेर, यार्सा नपाएर, ज्यान जोखिममा पर्ने डरले गर्दा पाटन पुगेको एक-दुई दिनमै ऋणको भारीसहित घर फर्किने गरेको बताउँछन्।

यसरी घर फर्किनेहरूले सरकारले कर असुल्नुबाहेक आफूहरूलाई समस्या पर्दा नहेरेको अनभूति गरेका छन्।


RSS

निकै महँगो मूल्यमा बिक्ने भएकाले मानिसहरू यार्सागुम्बा खोज्न लेकतिर जान्छन्

**बीबीसी न्यूज नेपाली यूट्यूबमा पनि छ। हाम्रो च्यानल सब्स्क्राइब गर्न तथा प्रकाशित भिडिओहरू हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईँ फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

## सम्बन्धित सामग्री

कर्णाली प्रदेश    प्रकृति    नेपाल    संस्कृति

## मुख्य समाचार

**गाजामा स्थायी युद्धविराम गर्ने अमेरिकी प्रस्ताव सुरक्षा परिषद्‌बाट पारित**

४ घण्टा पहिले

**'अब कीरा टिप्न आउँदैनौँ': यार्सा खोज्न जाँदा मृत्युसँग पौँठेजोरी**

६ घण्टा पहिले

**'रोडिओ'मा उन्मत्त साँढे जब उफ्रेर दर्शकदीर्घातिर हाम फाल्यो**


४ घण्टा पहिले

## अनि यो पनि



मेलम्चीको नयाँ 'हेडवर्क्स' कति सुरक्षित ठाउँमा छ?

९ जुन २०२४



पोर्चुगलको आप्रवासन नीति कडा पार्न थालिएसँगै नेपालीलाई कस्तो असर पर्ला?

९ जुन २०२४



भारतमा नरेन्द्र मोदीको पार्टीले बहुमत गुमाउनुको अर्थ के हो

९ जुन २०२४



पाँचथरी शवका पाँचथरी कथा: हिमाली भीरदेखि आफन्तका पीरसम्म

८ जुन २०२४




यूरो २०२४: युरोपेली फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताबारे जान्नैपर्ने कुरा

७ जुन २०२४

## धेरै पढिएको

१ गाजामा स्थायी युद्धविराम गर्ने अमेरिकी प्रस्ताव सुरक्षा परिषद्‌बाट पारित, हमास र इजरेलले के गर्लान्

४ 'रोडिओ'मा उन्मत्त साँढे जब उफ्रेर दर्शकदीर्घातिर हाम फाल्यो

२ 'अब कीरा टिप्न आउँदैनौँ': यार्सा खोज्न जाँदा मृत्युसँग पौँठेजोरी

५ एक खेलमा पराजित नेपाल क्रिकेटका तीन बलिया टोलीसँग खेल्नुअघि कस्तो दबावमा

३ रवि लामिछानेलाई निलम्बन गर्ने मागसहितको रिट निवेदनमा सर्वोच्च अदालतले दियो यस्तो आदेश



© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**